

# संखुवासभा जिल्लामा पाईने महत्वपूर्ण संकटापन्न वन्यजन्तु तथा वनस्पती र संरक्षण सम्बन्धी कानूनी व्यवस्थाहरु

| | नेपाली नाम/अंग्रेजी नाम/ वैज्ञानिक नाम | प्रजातीको विवरण | अबैध ब्यापार हुने अंग | संरक्षणका मुख्य चुनौतीहरु | |
|---|---|---|---|---|---|
|  | हाब्रे, रातो पाण्डा<br>Red Panda *Ailurus fulgens* | शरिर रातो खैरो रंगको हुन्छ भने मुख, कानको भित्री भाग र गाला सेतो रंगको हुन्छ । नाकको टुप्पो चहकिलो कालो र शरिरको तल्लो भाग कालो वा गाढा रंगको हुन्छ । यसको पुच्छरमा हल्का र गाढा रातोरखैरो रंगका पट्टीहरु हुन्छन । यसको शरिर (टाउको देखी जीउसम्म) ५० देखी ६० से.मी. सम्म र पुच्छर २८ देखी ५९ से.मी. सम्म लामो हुन्छ । | छाला तथा सम्पूर्ण शरिर | ▪ अबैध शिकार<br>▪ वासस्थान विनासर वन डढेलो<br>▪ मानवीय हस्तक्षेप<br>▪ शिकारी कुकुरको आक्रमण |  |
|  | हिउँ चितुवा<br>Snow leopard<br>*Panthera uncia* | यसको शरिर लामो, खैरो वा फिक्का ध्वाँसे खैरो रंगका भुवाले ढाकिएको हुन्छ जसमा गाढा खैरो रंगका ठूला गोलाकार र अनियमित आकार भएका बुट्टाहरु हुन्छन । यसको पुच्छरमा लाम्चा बुट्टाहरु हुन्छन । पुच्छरको टुप्पो माथीतिर फर्किएको र यसमा रौंको झुप्पो हुन्छ । यसको गर्दनदेखि पुच्छरसम्म मेरुदण्डमा बाक्लो कालो धर्काहरु हुन्छन । यसको शरिर (टाउको देखी जीउसम्म) ५० देखी १५० से.मी. सम्म र पुच्छर ८० देखी १०५ से.मी. सम्म लामो हुन्छ । | छाला तथा हड्डी | ▪ अबैध शिकार<br>▪ मानव- वन्यजन्तु द्वन्द<br>▪ वासस्थान विनास (चरिचरण तथा जलवायु परिवर्तन)<br>▪ आहार प्रजातिको कमी |  |
|  | हिमाली कालो भालु<br>Himalayan Black Bear<br>*Ursus thibetanus* | यसको शरिरमा बाक्लो छोटा कालो रंगका रेशमी तथा नरम रौं हुन्छन । छातीमा सेतो वा हल्का पहेंलो 'ख' आकारको चिन्ह हुन्छ । यसको शरिर १९५ से.मी. सम्म लम्बाई तथा १२० के.जी. सम्म तौंलको हुन्छ । भालुको पित्त थैली गाढा खैंरो वा गाढा कालो रंगको हुन्छ । यो लाम्चो र एकातर्फ झिनो हुँदै गएको हुन्छ । भालुको पित्त थैली ताजा छ भने काटेर हेर्दा पहेंलो रंगको तरल पदार्थ देखिन्छ भने सुकेको छ भने हल्का पहेंलो रंगका कणहरु देखिन्छन। | मुख्यगरी पित्त ।<br>छाला, मासु, बोसो, पञ्जा, दाँत र नङ्गा । | ▪ पित्तका लागि अबैध शिकार<br>▪ प्रतिशोध (मानव माथी आक्रमण तथा बाली नोक्सानी) का लागि हत्या<br>▪ वासस्थान विनास |  |
|  | कस्तुरी मृग<br>Musk Deer<br>*Moschus chrysogaster* | यस मृगको सिंग हुदैन। कान लामो र पुच्छर छोटो हुन्छ । शरिरको उचाई ४०- ६० से.मी. सम्म हुन्छ। भालेको माथिल्लो बंगारामा लामा र तिखा दुई वटा दाह्राहरु हुन्छन । कस्तुरीको बिना अलिकति चेप्टो परेको, गोलो वा अण्डा आकारको हुन्छ र यसको रंग खैरो हुन्छ । असली विनामा भएका रौंहरू मोटा, खोत्रो परेका र सजिलैसँग टुट्ने किसिमका हुन्छन । असली विनालाई पानीमा राख्यो भने यसको आकार यथावत रहन्छ । | विना तथा दाँत | ▪ मुख्यतया विनाका लागि अबैध शिकार<br>▪ वासस्थान विनास<br>▪ घरपालुवा पशुबाट रोगको संक्रमण |  |
|  | चितुवा<br>Leopard<br>*Panthera pardus* | यसको शरिर हल्का पहेंलो रंगको हुन्छ । माथिल्लो शरिरमा गाढा वा कालो रिङ वा थोप्लाहरु हुन्छन । यसको पेट मुनीको भाग हल्का पहेंलो वा सेतो हुन्छ । टाउकोमा भएका थोप्लाहरु शरिरमा भएका थोप्लाहरु भन्दा साना हुन्छन । यसको पुच्छर तुलनात्मक रुपमा लामो हुन्छ । पुच्छरमा पनि कालो थोप्लाहरु हुन्छन र ती थोप्लाहरु टुप्पो तर्फ क्रमशः ठूलो हुदैं गएका हुन्छन र टुप्पो कालो हुन्छ । यसको शरिर (टाउको देखी पुच्छरसम्म) ९० देखी १९६ से.मी. सम्म लामो हुन्छ । पुच्छरको लम्बाई ६६ देखी १०२ से.मी. सम्म लामो हुन्छ । | छाला, हड्डी र नङग्रा | ▪ छाला, हड्डी र नङग्राका लागि अबैध शिकार<br>▪ प्रतिशोध (मानव तथा पशुवस्तु माथी आक्रमण) का लागि हत्या<br>▪ वासस्थान विनास |  |
| <br> | सालक<br>Pangolin<br>Indian Pangolin<br>*Manis crassicaudata* (तामे सालक)<br>Chinese Pangolin<br>*Manis pentadactyla* (कालो सालक) | शरिरभर सुरक्षाका लागी एकआपसमा खप्टिएका कत्लाहरु हुन्छन । तामे सालक कालो सालक भन्दा तुलनात्मक रुपमा ठूलो हुन्छ र यसका कत्लाहरु पनि कालो सालकका भन्दा ठूला हुन्छन । तामे सालकको शरिर (टाउको देखी पुच्छरसम्म) को लम्बाई ८४ देखी १२२ से.मी. सम्म हुन्छ भने कालो सालकको शरिर (टाउको देखी जीउसम्म) ४० देखी ५८ से.मी. सम्म र पुच्छरको लम्बाई २५ देखी ३८ से.मी. सम्म हुन्छ । सामान्यतया सालकको सानो चुच्चो परेको टाउको तथा सानो तथा साँघुरो मुख हुन्छ ।<br>तामे सालकका कत्लाहरु फिक्का पहेंलो रंगका हुन्छन भने कालो सालकका गाढा फुस्रो रंगका हुन्छन । तामे सालकको शरिरको मध्य भागको चारैतिर ११ देखी १३ वटासम्म कत्लाहरु हुन्छन भने कालो सालकमा यी कत्लाहरु १५ देखी १८ को संख्यामा हुन्छन । | मुख्य गरी खपटा ।<br>छाला तथा मासु । | ▪ मुख्य गरी खपटाका लागि अबैध शिकार<br>▪ छाला तथा मासुका लागि शिकार<br>▪ मानवीय हस्तक्षेप, चरिचरण<br>▪ वासस्थान विनास | <br> |
|  | ध्वाँसे चितुवा<br>Clouded Leopard<br>*Neofelis nebulosa* | यसको शरिर टाटेपाटे हल्का पहेंलो-सुन्तला रंग मिश्रित भुवादार हुन्छ । शरिरमा फुस्रा खरानी रंगका अनियमित आकारका टाटारधब्बाहरु हुन्छन जसको बाहिरी घेरा कालो रंगको हुन्छ । खुट्टाको तल्लो भागमा ती धब्बाहरु कालो रंगका र गोलाकार हुन्छन भने पुच्छरमा ती धब्बाहरु रिङ्ग आकारका हुन्छन । टाउकोको माथिल्लो भागमा कालो थोप्लाहरु हुन्छन । दुवै कानको पछाडी पट्टीको भाग कालो रंगको हुन्छ जसको मध्य भागमा खैरो गोलाकार टाटो रहेको हुन्छ । यसको पोथीको शरिरको आकार ६८ देखी ९४ से.मी. र पुच्छरको लम्बाई ६१ देखी ८२ से.मी. को हुन्छ भने भालेको शरिरको आकार ८१ देखी १०८ से.मी. र पुच्छरको लम्बाई ७४ देखी ९१ से.मी. को हुन्छ । | छाला तथा भुवा | ▪ छाला तथा भुवाको लागि अबैध शिकार<br>▪ प्रतिशोध (पशुवस्तु माथी आक्रमण) का लागि हत्या<br>▪ वासस्थान विनास (वस्ती विस्तार, चरिचरण तथा वन विनास) |  |
|  | पहरे बाँदर<br>Assam Macaque<br>*Macaca assamensis* | शरिरमा हल्का तथा गाढा खैरो रंगका भुवाहरु हुन्छन । थुतुनोको भाग गाढा खैरो तथा बैजनी रंगको तथा रौंरहित हुन्छ। टाउकोमा लामा लामा रौंका झुप्पो हुन्छ जुन सिउँदो काटेको झैं दुई तर्फ झुकेको हुन्छ । पुच्छर तुलनात्मक रुपमा छोटो तर रौंयुक्त हुन्छ । यसको शरिरको लम्बाई ५१ देखी ७३.५ से.मी. र पुच्छरको लम्बाई १५ देखी ३० से.मी. सम्मको हुन्छ । | | ▪ प्रतिशोध (अन्नबालीको नोक्सानी) का लागि हत्या<br>▪ वासस्थान विनास (वन फडानी तथा चरिचरण) |  |
|  | पाँच औंलेर हतजडी<br>Marsh Orchid<br>*Dactylorhiza hatagirea* | पाँचऔंले उच्च पहाडी भेगमा पाइने एक प्रकारको वनौषधी हो । यो करीब ३० देखी ९० से.मी. सम्म अग्लो, एउटा मात्र डाँठ हुने गानायुक्त वनस्पति हो । यसका पातहरू पाँच देखि सातवटा सम्म हुन्छन् र डाँठको दायाँ बाँया एक एक वटा हुँदै फूलको डाँठसम्म ठूलोदेखि सानो हुँदै मिलेका हुन्छन् । यसमा जेठ असारमा डाँठको माथिल्लो भागमा साना गुलाफी तथा प्याजी रंगका फूलहरू वरीपरी मिलेर फूल्दछन् । फुलहरूका झुप्पा १२ देखि २० से.मी सम्म लामा र घना हुन्छन् । यसको उपयोग गरिने अंग जमीन मुनि रहने गानो हो, जुन पन्जा जस्तो आकारमा तिनदेखि पाँचवटा औंला भएको हुन्छ । शरद ऋतुमा यसका पातहरू पहँेला भई डाँठ सुक्न थालेपछि यसको संकलन गरी गाना निकालिन्छ । | जमिन मुनीको हत्केला आकारको कन्द | ▪ अबैध चोरी निकासी<br>▪ अनुपयुक्त समयमा संकलन<br>▪ अत्याधिक चरिचरण<br>▪ अनुपयुक्त संकलन विधी<br>▪ पर्याप्त प्रचारप्रसारको कमी |  |
|  | कुटकी<br>Gentian, Kurroa, Picrorhiza<br>*Neopicrorhiza scrophulariiflora* | कुट्की बहुबर्षिय औषाधियगुणयुक्त वनस्पति हो । यसका पातहरु २ देखी ४ ईन्च लामा, अण्डाकार तथा तल्लो भागको तुलनामा क्रमशः माथी तीर चौंडा हुदै गएको, नरम र किनारा धार जस्ता हुन्छन । यसका फूलहरु पातहरुको बीचबाट निस्किएका डाँठहरुमा फुल्दछन र ति डाँठहरुमा थुप्रै संख्याका गाढा बैजनी रंगका फूलहरु लाग्दछन । यसको उपयोग गरिने भाग जमिन मुनी रहने गानो हो जुन ३ देखी ७ से.मी. लामा, औला आकारका, ३ से.मी.सम्म गोलाई भएका, पत्रे पातहरुले घेरिएका कडा कैलो वा खैरो रंगका हुन्छन । | जमिन मुनीको हत्केला आकारको कन्द | ▪ अबैध चोरी निकासी<br>▪ अनुपयुक्त समयमा संकलन<br>▪ अत्याधिक चरिचरण<br>▪ अनुपयुक्त संकलन विधी<br>▪ पर्याप्त प्रचारप्रसारको कमी |  |

१. नेपाल सरकारबाट जारी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (संसोधन सहित) को अनुसूची १ मा २६ प्रजातिका स्तनधारी, ९ प्रजातिका पंक्षी तथा ३ प्रजातिका घस्रने जन्तुलाई संरक्षित वन्यजन्तुको सूचीमा सुचिकृत गरेको छ । संरक्षित सूचीमा रहेका वन्यजन्तु बाहेक अन्य वन्यजन्तुहरु पनि अबैध रुपमा मार्ने, घाईते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा हिँड संरक्षित तथा अन्य वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने कार्य कानूनी रुपमा दण्डनीय अपराध हो ।

२. यस्तो अपराधमा संलग्न व्यक्तीलाई कसुरको मात्रा हेरी कम्तीमा पन्ध्र हजार रूपैंया देखी एक लाख रूपैंयासम्म जरिवाना वा तीन महिना देखी पन्ध्र बर्षसम्म कैद वा दुवै सजाय हुने कानूनी व्यवस्था छ ।

३. यसै गरी यस्ता अपराध गर्ने कार्यमा जानीजानी मद्दत दिएमा त्यस्तो मद्दत गर्ने मतियारलाई अपराधको अबस्था हेरी कसुरदारलाई हुने सजायको आधा देखी कसुरदारलाई हुने सजाय बराबर नै सजाय हुने कानूनी व्यवस्था छ ।

पाँचऔंलेलाई नेपाल सरकारले संकलन, उपयोग, बिक्रि वितरण, ओसारपसार र विदेश निकासीमा प्रतिबन्ध लगाएको छ । त्यस्तै वनस्पति विभागको सिफारिसको आधारमा वन विभागले निकासी गर्न स्वीकृती दिएको अबस्थामा बाहेक कुटकी संकलन, उपयोग, बिक्रि वितरण, ओसारपसार र विदेश निकासीमा नेपाल सरकारले प्रतिबन्ध लगाएको छ ।

**वन्यजन्तु तथा वनस्पति सम्बन्धी अबैध ब्यापार वा क्रियाकलाप भएको वा हुन लागेको जानकारी भएमा नजिकको डिभिजन वन कार्यालय वा यस अन्तरगतका सव-डिभिजन वन कार्यालयहरू, मकालु-वरुण राष्ट्रिय निकुञ्ज कार्यालय वा अन्तरगतका सेक्टर कार्यालय तथा पोष्टहरू, नजिकको नेपाली सेनाका गुल्म तथा पोष्टहरू, प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल कार्यालय लगायतमा खबर गरिदिनु भई वन, वातावरण तथा जैविक विविधता संरक्षणमा योगदान पुरयाई दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।**


# डिभिजन वन कार्यालय, संखुवासभा

खाँदबारी

फोन नं.: ०२९–५६०१३५, ९८५२०५८१३५